नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(विकास सहायता समन्वय शाखा)

फोन { ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:- 0७९।८० (handwritten as printed: 065180)

चलानी नं.:- 66

मिति: २०७९/५/२९

श्री नगर कार्यपालिकाको कार्यालय,
महानगरपालिका सबै ।
उपमहानगरपालिका सबै ।
नगरपालिका सबै ।

श्री गाउँ कार्यपालिकाको कार्यालय,
गाउँपालिका सबै ।

विषय: स्थानीय तहका पदाधिकारी तथा कर्मचारीको विदेश भ्रमण सम्बन्धमा ।

प्रदेश तथा स्थानीय तहका पदाधिकारी एवं कर्मचारीको विदेश भ्रमणको सहमति र राहदानी तथा भिसा सिफारिस सम्बन्धी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. सु.स.वै./५१२/१४०० मिति २०७९।५।२३ को पत्र संलग्न छ । व्यहोरा उक्त पत्रबाट अवगत गर्नु भई अब उप्रान्त स्थानीय तहका पदाधिकारी तथा कर्मचारीको विदेश भ्रमणसम्बन्धी निर्देशिका बमोजिम विदेश भ्रमणको स्वीकृति माग गर्दा सो अनुसारको प्रकृया पुरा गरी मन्त्रालयमा पठाउने व्यवस्थाका लागि आदेशानुसार अनुरोध छ ।

(हरिप्रसाद गुरागाई)
शाखा अधिकृत

बोधार्थ:

श्री सूचना तथा प्रविधि शाखा: यो पत्र मन्त्रालयको Website मा Upload गरि दिन तथा सबै स्थानीय तहहरुलाई Email गरि दिनु हुन ।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## सूचना सञ्चार तथा वैदेशिक समन्वय शाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०७९/८०
च.नं. : सु.स.वै./५१२/१४००

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता मिति:- २०७९/०५/२३

विषयः प्रदेश तथा स्थानीय तहका पदाधिकारी एवं कर्मचारीहरूको विदेश भ्रमणसम्बन्धी विषयलाई व्यवस्थित गर्ने सम्बन्धमा ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. १, विराटनगर।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेस प्रदेश, जनकपुरधाम ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौंडा ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश, बुटवल ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, सुर्खेत ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी ।

प्रदेश तथा स्थानीय तहका पदाधिकारी एवं कर्मचारीहरूको विभिन्न प्रयोजनका लागि हुने विदेश भ्रमणको सहमति, राहदानी तथा भिसा सिफारिश सम्बन्धी विषयमा यस कार्यालयबाट "प्रदेश तथा स्थानीय तहले विदेशी सरकार, नियोग, प्रतिनिधि र अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्पर्क गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि सम्बन्धी निर्देशिका, २०७६" बमोजिम आवश्यक समन्वय तथा सहजीकरण गर्ने कार्य हुँदै आएको छ ।

यसैबीच प्रदेश तथा स्थानीय तहका पदाधिकारीहरूलाई विभिन्न प्रयोजनका लागि विदेश भ्रमणको सहमतिका लागि विभिन्न प्रदेश सरकारहरूबाट सिफारिश भै आएको विषयमा विश्लेषण गर्दा धेरैजसो निमन्त्रणा व्यक्तिगत स्तरमा प्राप्त भएको, कार्यक्रमहरू प्रायः गैरसरकारी संस्थाहरूबाट आयोजना हुने प्रकृतिको रहेको, कतिपय कार्यक्रम सम्बन्धित पदाधिकारीको कार्यक्षेत्रसँग सम्बन्धित नरहेको र कतिपय अवस्थामा आमन्त्रण गर्ने संस्थाको आधिकारिकता पुष्टि हुन नसकेको तथा कतिपय विदेश भ्रमणको मनोनयन निर्देशिकाको प्रावधान अनुकूल भई नआउने गरेको जस्ता समस्याहरू देखिएका छन् ।

योजना तथा विकास सहायता समन्वय महाशाखा
दर्ता नं.: ९८१
दर्ता मिति: २०७९/०५/२९
समयः

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सूचना सञ्चार तथा वैदेशिक समन्वय शाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

यस पृष्ठभूमिमा अब उप्रान्त प्रदेश तथा स्थानीय तहका पदाधिकारी एवं कर्मचारीको विदेश भ्रमणसम्बन्धी विषयलाई व्यवस्थित गर्ने सम्बन्धमा देहायबमोजिमको आधार/प्रक्रिया पूरा गरेर मात्र वैदेशिक भ्रमण सम्बन्धी कार्यक्रममा सिफारिश/मनोनयन गर्ने, गराउने व्यवस्थाका लागि माननीय राज्यमन्त्रीस्तरको मिति २०७९/०५/२१ को निर्णयानुसार अनुरोध छ ।

<u>तपसिल</u>

१. वैदेशिक भ्रमणका लागि प्रदेशका पदाधिकारी/कर्मचारी मनोनयन गर्नुपूर्व *"प्रदेश तथा स्थानीय तहले विदेशी सरकार, नियोग, प्रतिनिधि र अन्तर्राष्ट्रिय संघसंस्थासँग सम्पर्क गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि सम्बन्धी निर्देशिका, २०७६"* को दफा ५ को उपदफा (१) र (२) बमोजिम परराष्ट्र मन्त्रालयको सहमति लिने र सहमति प्राप्त भएपछि मात्र निर्देशिकाको दफा ६ को उपदफा (३) बमोजिम मनोनयन गर्ने ।

२. व्यक्तिगत नाममा प्राप्त भएको निमन्त्रणाको आधारमा कुनै पनि पदाधिकारीलाई विदेश भ्रमणको लागि मनोनयन नगर्ने ।

३. नेपालसँग दौत्य सम्बन्ध कायम भएका विदेशी सरकार, नेपाल सदस्य भएका अन्तर्राष्ट्रिय संघसंस्था, संयुक्त राष्ट्रसंघ र सो अन्तर्गतका अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले आयोजना गर्ने कार्यक्रमहरूमा बाहेक स्थानीय गैरसरकारी संघसंस्थाको कार्यक्रममा मनोनयन नगर्ने ।

४. कुनै पनि संस्थाबाट निमन्त्रणा पत्र प्राप्त भएपछि सम्भव भएसम्म सो संस्था र निमन्त्रणा पत्रको आधिकारिकता बुझी तथा संस्थाबाट सञ्चालन हुने कार्यक्रम पदाधिकारीको कार्य क्षेत्रसँग सम्बन्धित भए, नभएको एकिन गरेर मात्र मनोनयन सम्बन्धी प्रक्रिया अघि बढाउने ।

.............................
(कविता फुयाल)
उपसचिव

<u>बोधार्थः</u>
श्री परराष्ट्र मन्त्रालय, सिंहदरबार ।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।
श्री प्रादेशिक समन्वय तथा योजना महाशाखा, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np